नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नं.: ८६

मिति :२०७७/०६/१८

विषयः सार्वजनिक यातायात संचालन निर्देशिका कार्यान्वयन तथा अनुगमन सम्बन्धमा ।

श्री स्थानीय तह (सवै)

प्रस्तुत विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.नं. ४० मिति २०७७/०६/१४ को सार्वजनिक यातायात संचालन निर्देशिका कार्यान्वयन तथा अनुगमन सम्बन्धी पत्र र कोभिड-१९ प्रकोपको अवधिभर सार्वजनिक यातायात संचालन निर्देशिका, २०७७ संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी सोहि बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(यातायात व्यवस्था शाखा)

URL : www.mopit.gov.np
E-mail : info@mopit.gov.np
फोन नं. ४२११८८० ४२११९३१ ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं, नेपाल ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २२४८ २०७७।६।१६
मिति -

प.सं.: ७.२.३-०७७/७८ टि १०
च.नं.: ५०

मिति:- २०७७/०६/१४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

विषयः- सार्वजनिक यातायात सञ्चालन निर्देशिका कार्यान्वयन तथा अनुगमन सम्बन्धमा ।

प्रस्तुत बिषयमा यातायात व्यवस्था विभागबाट अनुरोध भई आएअनुसा नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट मिति २०७७/०५/३१ मा स्वीकृत भएको "कोभिड-१९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७" को प्रभावकारी कार्यान्वयन तथा कोभिड-१९ को संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न सार्वजनिक यातायात सञ्चालन तथा यात्रुहरुको व्यवस्थापनको लागि उक्त निर्देशिकाले निर्धारण गरे बमोजिमका मापदण्डहरु यातायात व्यवसायी/व्यवस्थापक/कम्पनीहरुले अवलम्बन गरे/नगरेको, यातायात सेवामा कार्यरत सवारी चालक तथा सहचालकले अनुशरण गरे/नगरेको र सार्वजनिक यातायातमा सवार यात्रुहरुले पालना गरे/नगरेको बिषयमा अनुगमन समिति गठन गरी अनुगमन कार्यलाई व्यवस्थित बनाई कार्य सञ्चालनलाई सहज बनाउन तहाँ मार्फत सबै स्थानीय तहहरुलाई परिपत्र गरिदिनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७७/०६/१४ को निर्णयानुसार अनुरोध गरिन्छ ।

संलग्न: "कोभिड-१९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७" (निर्देशिकाको यस मन्त्रालयको वेवसाईट www.mopit.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।)

Shankar 2077.06.14
(शंकर सिंह धामी)
सि.डि.ई.

बोधार्थ:
श्री यातायात व्यवस्था विभाग,
मीनभवन, काठमाण्डौं ।

श्री स्थानीय तह समन्वय शाखा
६।१८

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# कोभिड-१९ प्रकोपको अवधिभर

# सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७

(स्वीकृत मिति:२०७७/०५/३१)

काठमाडौं, २०७७

## विषय सूची


१. पृष्ठभूमि ........................................ ३

२. प्रस्तावना ........................................ ३

३. संक्षिप्त नाम र प्रारम्भ ........................................ ३

४. परिभाषा ........................................ ३

५. पालना गर्नुपर्ने प्रावधानहरु ........................................ ४

५.१ . यातायात व्यवसायी/व्यवस्थापक/कम्पनि ........................................ ४

५.२ . यातायात सेवामा कार्यरत सवारी चालक र सह-चालक ........................................ ५

५.३ . सार्वजनिक यातायात सेवाका यात्रुहरु ........................................ ५

५.४ . अनगन सम्बन्धी व्यवस्था ........................................ ६

६. सार्वजनिक यातायात सञ्चालनर बाटो (रुट) सम्बन्धी व्यवस्था ........................................ ६

७. विविध ........................................ ६

अनुसुचि १: यात्रु-यात्रु बीच सामाजिक दुरी कायम हुन सक्ने बसको सिट ले-आउट

अनुसूची २: निर्देशिका बमोजिमको कार्य विवरण र जिम्मेवार निकाय

## १. पृष्ठभूमि

सार्वजनिक यातायात सेवा आर्थिक, सामाजिक तथा वाताबरणीय महत्व सहितको दिगो यातायात प्रणालीको प्रतिक भएकोले यसको गुणस्तरलाई विशेष महत्वका साथ हेरिनु पर्छ । यातायात सेवा सहज, सस्तो, सुरक्षित र भरपर्दो एवम् प्रविधि मैत्री बनाएमा यातायात प्रणालीको उच्च गुणस्तरलाई प्रत्याभूति दिन सकिन्छ। आजको परिप्रेक्षमा, कोभिड-१९ ले विश्वब्यापी महामारीको रुप लिएको र यस प्रकोपको सामना गर्न एवम् प्रकोपको जोखिम न्यूनीकरण गर्न समस्त विश्व नै विभिन्न उपायहरुको खोजीमा लागेको छ । कोभिड -१९ को जोखिम कम गर्नका लागि मानिसहरुको भिड-भाड कम गर्नु र आपसमा सामाजिक दुरी कायम गर्नु आधारभूत मान्यता भएका छन्। त्यसैले, सार्वजनिक यातायातको प्रयोग गर्दा कोभिड-१९ को संक्रमण हुन नदिन वा यसको जोखिमलाई न्यूनीकरण गर्न विशेष सतर्कता अपनाउनु पर्ने हुन्छ ।

त्यसैले, सार्वजनिक यातायात सेवाको महत्वपूर्ण भूमिकालाई ध्यानमा राखी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सबै सरोकारवाला संस्थाहरुको समन्वयमा लागु हुने गरि यो निर्देशिका तयार गरेको छ।

## २. प्रस्तावना

कोभिड -१९ को प्रकोपको अवस्थामा सार्वजनिक यातायात सेवा सञ्चालनगर्दा हुने सक्ने संक्रमणको जोखिम न्यूनीकरण गर्न विशेष सतर्कता अपनाउनु पर्ने भएकाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ मा भएको प्रावधान तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी एवं नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७७/०५/२९ को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले "कोभिड-१९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७" जारी गरेको छ ।

## ३. संक्षिप्त नाम र प्रारम्भ

(क) यो निर्देशिकाको नाम "कोभिड-१९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७" रहेको छ ।

(ख) यो निर्दिशिका कोभिड-१९ को प्रकोपका कारणले नेपाल सरकारले निर्देशित गरेको मिति र अवधिभरको लागि लागु हुनेछ । नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले समय समयमा निर्णय गरि तोकिदिएका क्षेत्र वा रुटहरुमा सार्वजनिक यातायात सञ्चालन गर्दा यस निर्देशिका बमोजिम गर्नु पर्नेछ ।

(ग) यो निर्देशिका पालना गर्नु, गराउनु सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

## ४. परिभाषा

(क) "निर्देशिका" भन्नाले "कोभिड-१९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका,२०७७" लाई सम्झनु पर्छ । यसमा भएका प्राबधानहरु सार्वजनिक यात्रुवाहक तथा मालवाहक सवारी साधनहरुको सेवा संचालनका क्रममा कोभिड-१९ संक्रमणको जोखिम न्यून गर्न अपनाउनु पर्ने जन-स्वास्थ्यका महत्वपूर्ण प्रक्रियाहरु समाबेश गरिएका छन् ।

(ख) "कोभिड-१९" भन्नाले नोवेल कोरोना भाइरसका कारणले हुने एक प्रकारको सरुवा रोग सम्झनु पर्छ ।

(ग) "सामाजिक दुरी" भन्नाले कोभिड-१९ संक्रमणको जोखिम कम गर्नका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको मापदण्डमा तोकेको व्यक्ति-व्यक्ति बिचको भौतिक दुरीलाई सम्झनु पर्छ ।

(घ) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँ बाट अर्को ठाउँ सम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "निर्मलीकरण (डिसइन्फेक्शन)" भन्नाले शुक्ष्म जिबाणु/विशाणु नस्ट गर्ने उद्देश्यले उपयुक्त रसायनको प्रयोग गरि सरसफाई गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

(च) "लामोबाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सो भन्दा बढी दुरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(छ) "मध्यम बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटर भन्दा बढी तर दुईसय पचास किलोमीटर भन्दा कम्ति दुरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(ज) "छोटो बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर देखि एकसय किलोमीटर सम्मको दुरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(झ) "स्थानिय बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम्ति दुरीको गन्तव्य स्थानसम्मको बाटो सम्झनु पर्छ ।

## ५. पालना गर्नुपर्ने प्रावधानहरु

कोभिड-१९ को प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन गर्दा सरोकारवाला पक्षले निम्न व्यवस्था अनुसार कार्य गर्नु पर्नेछ ।

### ५.१. यातायात व्यवसायी/व्यवस्थापक/कम्पनि

सार्वजनिक यातायात सेवा कम्पनि संग सम्बन्धित व्यवसायी वा संचालक तथा व्यवस्थापकहरुले कोभिड-१९ को संक्रमण, दुनसक्न

ज्ञान तथा जोखिम न्यूनिकरणका उपाय सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ख) सवारी साधनको निर्मलीकरण (डीसइन्फेक्शन): सवारी साधनको प्रत्येक खेप (ट्रीप) पछि निर्मलीकरण (डीसइन्फेक्शन) गर्ने व्यवस्था मिलाउने,

(ग) यात्रु सिटहरुको सरसफाई तथा निर्मलीकरण (डीसइन्फेक्शन): यात्रुले एकपटक सवारी साधन प्रयोग गरे पछि आवश्यकता अनुसार सिटको सरसफाई गर्न सम्बन्धित कर्मचारीलाई निर्देशन दिने,

(घ) यात्रु-यात्रु बिचको सामाजिक दुरी कायम गर्नका लागि यात्रुवाहक सवारी साधनको क्षमता अनुसार अधिकतम यात्रु संख्या निर्धारण गर्ने र सो सम्बन्धी जानकारीको सूचना सवारीको ढोकामा टाँस गर्ने र यसरी तोकिएको सामाजिक दुरी कायम गरिएको सिटमा मात्र यात्रुलाई यात्रा गर्न व्यवस्था गर्ने, (सामाजिक दुरी कायम गर्नेका लागि सिट व्यवस्थापनको उदाहरण अनुसूची-१ मा उल्लेख गरिएको छ)

(ङ) यातायात सञ्चालनको समय तालिका: सवारी साधनहरुको सञ्चालनपूर्व निर्धारित समय-तालिका बनाएर सो अनुसार संचालन गर्ने, प्रत्येक खेप (ट्रीप) शुरु हुने बेलामा वा दिनमा कंम्तिमा दुई पटक नीजको शरिरको तापक्रम मापन गर्ने र यसरी तापक्रम मापन गर्नका लागि प्रत्येक सवारी साधनको लागि कम्तिमा दुईवटा 'थर्मल गन' को व्यवस्था गर्ने,

(च) यात्रुहरुको लागि स्यानीटाईजर उपलब्ध गराउने: सह-चालक वा यातायात सेवाका अन्य कर्मचारीले सवारीमा प्रवेश गर्ने बेलामा दुईवटै हातमा स्यानीटाईजर लगाएर सफा गर्न यात्रुहरुलाई लगाउनु पर्ने,

(छ) भाडा असुलीका लागि बैकल्पिक उपायको अबलम्बन गर्ने: सकभर भाडा भुक्तानीको लागि 'मोबाईल बेस्ड स्क्यान एण्ड पे' वा 'कन्ट्याक्टलेस कार्ड' प्रणाली शुरुआत गर्ने वा अनलाईन तथा ईलेक्ट्रोनिक भुक्तानीको व्यवस्था गर्ने सो सम्भव नभएमा यात्रुसंग भाडा संकलन गर्दा भौतिक सम्पर्क नहुने वा सामाजिक दुरी कायम गर्नका लागि यात्रुले 'भाडा संकलन बाकस' मा भाडा बराबरको रकम स्वयम् राख्न सकिने गरि व्यवस्था मिलाउने, वा भाडा भुक्तानीको लागि यात्रुहरुले टिकट काउन्टरबाट एकपटक वा धेरै पटक वा कुनै अवधिको लागि मान्य हुने टिकट किन्न सक्ने व्यवस्था मिलाउने, सकभर भाडा असुलीमा प्रत्यक्ष नगदको प्रयोग नगर्ने,

(ज) सवारी साधन भित्र हावाको सहज बहाव कायम गर्नका लागि भेन्टिलेशनको व्यवस्था गर्ने वा सबै झ्यालहरु खुल्ला राख्ने वा उपयुक्त खालको 'एक्जस्ट फ्यान' जडान गर्नु पर्नेछ,

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

(झ) चालक कक्ष र यात्रु कक्षलाई उपयुक्त खालको प्लाई बोर्ड वा ग्लास वा फाइबर बोर्ड वा बाक्लो किसिमको प्लास्टिक शिट द्वारा छुट्याउने, पछी त्यसको सफाई गर्न कर्मचारीलाई निर्देशन दिने,

(ञ) यातायात व्यवसायीहरुले मध्यम तथा लामो दुरीको यात्रु सुची बनाई एक प्रति आफु संग र अर्को प्रति स्थानीय प्रशासनमा अनिवार्य बुझाउनु पर्ने,

(ट) सवारी साधन भित्र कोभिड-१९ सम्बन्धी सावधानीका संदेश तथा सतर्कता सम्बन्धी जनचेतना मूलक सामग्री टाँस गर्ने।

## ५.२. यातायात सेवामा कार्यरत सवारी चालक र सह-चालक

सार्वजनिक यातायात सेवामा कार्यरत सवारी चालक तथा सह-चालकहरुले कोभिड-१९ को संक्रमण हुनसक्ने सम्भावित कारणहरुबाट सुरक्षित रहन र यात्रुहरुको बीच संक्रमणको सम्भावना न्यून गर्नका लागि निम्न उपायहरु अवलम्बन गर्नेः-

(क) यात्रु चढ्ने स्थान, पुग्ने स्थान र खान खाने स्थान बाहेक अन्यत्र कहिँ पनि सवारी साधन रोक्न, चढाउने र ओराल्न पाईने छैन,

(ख) सार्वजनिक यातायात सञ्चालन गर्दा चालक तथा सह-चालकले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,

(ग) सार्वजनिक यातायात सञ्चालन गर्दा यात्रु वा अन्य सडक प्रयोगकर्ताहरु बीच सामाजिक दुरी कायम राख्ने र यसका लागि अरुलाई प्रेरित गर्ने,

(घ) सार्वजनिक यातायात सेवाको कार्यसमय पछि आफुले प्रयोग गरेका सम्पूर्ण कपडा साबुन पानीले राम्ररी धुने र घाम लागेको स्थानमा सुकाउने । आफुले प्रयोग गरेका मास्क र पञ्जा पूनः प्रयोग योग्य नभए सुरक्षित रुपमा फ्याक्ने र पूनः प्रयोग योग्य भए धोएर प्रयोग गर्ने ।

(ङ) यातायात सेवाको भाडा संकलन गर्दा यात्रु संग भौतिक दुरी कायम गरि भाडा रकम फिर्ता दिन नपर्ने गरि भाडा संकलन गर्ने र बाकसमा राख्न यात्रुलाई अनुरोध गर्ने,

(च) सवारी साधनलाई बस अड्डा (टर्मिनल) मा वा ग्यारेजमा सेवा समाप्त पछि राम्ररी सफा गरि निर्मलीकरण (डीसइन्फेक्शन) गर्ने, गराउने,

(छ) सेवामा रहंदा बस अड्डा (टर्मिनल) वा बस बिसौनीमा वा सवारी साधन भित्र धुम्रपान नगर्ने,

(ज) सार्वजनिक यातायात सेवाको यात्रामा रहदा चालक तथा सहचालकले अनिवार्य रुपमा देखिने गरि परिचय-पत्र लगाउने ।

(झ) सवारी साधन बस बिसौनी वा तोकिएको स्थलमा मात्र रोक्ने र यात्रुमैत्री हुने गरि सेवा प्रदान गर्ने,

(ञ) सवारी साधन वातानुकूलित (एयर-कन्डीशण्ड) भएमा यसको प्रयोग नगर्ने,

## ५.३. सार्वजनिक यातायात सेवाका यात्रुहरु

सार्वजनिक यातायात साधनमा यात्रा गर्दा कोभिड-१९ को संक्रमण हुनसक्ने सम्भावित कारणहरुबाट सुरक्षित रहन र अन्य यात्रु तथा सेवामा संलग्न कर्मचारी विच संक्रमणको जोखिम न्यून गर्नका लागि देहाय अनुसार गर्नेः-

(क) कोभिड-१९ को संक्रमण हुन सक्ने माध्यम, जोखिम र जोखिम न्यूनीकरणका उपाय सम्बन्धी जानकारी हासिल गर्ने र सार्वजनिक यातायातको प्रयोग गर्दा अवलम्बन गर्नु पर्ने निर्देशनहरुका बारेमा जानकारी राख्ने,

(ख) अति आवश्यक कार्य र पैदल यात्रा सम्भव नभएको अवस्थामा मात्र सार्वजनिक यातायात सेवाको उपयोग गर्ने,

(ग) अशक्त वा कम्जोर शारीरिक अवस्था भएका यात्रुहरुले सकभर सार्वजनिक यातायात सेवाको प्रयोग नगर्ने,

(घ) सार्वजनिक यातायात सेवाको प्रयोग गर्न घरबाट बाहिर निस्कनु पूर्व अनिवार्यरुपमा मास्क वा कपडाले नाक र मुख छोप्ने, र अरुले नाक र मुख नछोपेको पाएमा निजहरुलाई सतर्क गराउने अन्यथा उक्त सवारी वा स्थानमा नजाने,

(ङ) सार्वजनिक यातायात सेवा प्रयोग गर्दा सवारी साधन भित्र वा सार्वजनिक स्थलमा (बस टर्मिनल वा बस बिसौनी आदि) मा रहंदा कुनै पनि किसिमको खानेकुरा नखाने,

(च) सार्वजनिक यातायात सेवाको प्रयोग गर्दा बस बिसौनी वा बस अड्डा (टर्मिनल) मा सामाजिक दुरी कायम गरि पंक्तिबद्ध भएर पालो पर्खने,

(छ) सवारी साधन भित्र सामाजिक दुरी कायम हुने गरि तोकिएको सिटमा मात्र बस्ने र अरुलाई पनि त्यस बारेमा सजक र सतर्क तुल्याउने,

## अनुगमन सम्बन्धी व्यवस्था

कोभिड-१९ प्रकोपको अवधिभर सञ्चालन हुने सार्वजनिक यातायात सेवाको लागि तयार गरिएको यस निर्देशिकामा उल्लेख भएका व्यवस्थाहरु पालना भए नभएको अनुगमन गर्दा यस बाट हुनसक्ने सम्भावित संक्रमणबाट सुरक्षित रहन र अन्य सडक प्रयोगकर्ता बिच संक्रमणको सम्भावना न्यून गर्नका लागि निम्न कार्यहरु गर्नेः-

(क) सार्वजनिक यातायात संचालन तथा यात्रु व्यवस्थापन या निर्देशिका बमोजिम भए नभएको स्वास्थ्य, तथा सुरक्षा मापदण्डको कडाई साथ पूर्णरुपमा पालना भए नभएको अनुगमन यातायात व्यवस्था विभाग, यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने, गराउने,

(ख) मध्यम तथा लामो दुरीमा सवारी संचालन गर्दा विश्राम गर्ने, खाजा तथा खाना खाने स्थान तोक्न तथा गुणस्तरको अनुगमन गर्न यातायात व्यवस्था विभागले यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी, यातायात व्यवसायी र यातायात मजदुर समेतको संयुक्त अनुगमन समिति गठन गर्नेछ,

(ग) कोभिड-१९ को संक्रमण तथा यसको रोकथाम सम्बन्धी आधारभूत ज्ञान र बन्दाबन्दि पछि सार्वजनिक यातायात सेवा सञ्चालन सम्बन्धी निर्देशिकाको बारेमा जानकारी राखु पर्ने,

(घ) यातायात वा ट्राफिक व्यवस्थापनको कार्यसमय अवधि भित्र मास्कको प्रयोग अनिवार्यरुपमा गर्ने,

(ङ) अति आवश्यक अवस्था बाहेक सवारी साधन भित्र प्रवेश नगर्ने,

(च) सवारी तथा सवारी चालकको अनुगमन गर्दा सामाजिक दुरी कायम गर्ने,

(छ) सवारी चालकलाई निर्देशन दिंदा सकभर ईशारा वा संकेतको प्रयोग गर्ने,

(ज) कोभिड-१९ को संक्रमण तथा यसको रोकथाम सम्बन्धी आधारभूत ज्ञान र बन्दाबन्दि पछि सार्वजनिक यातायात सेवा सञ्चालनसम्बन्धी निर्देशिकाको बारेमा सडक प्रयोगकर्ता माझ पनि प्रचार प्रसार गर्ने,

(झ) सवारी तथा सवारी चालक संग सम्बन्धित कागजातको चेकजांच गर्ने आवश्यक भएमा आफुले नछोई सम्बन्धित चालकलाई नै देखाउन लगाई निरीक्षण गर्ने,

## ६. सार्वजनिक यातायात सञ्चालन र बाटो (रुट) सम्बन्धी व्यवस्था

(१) सार्वजनिक यातायात सञ्चालन सम्बन्धी यस निर्दिशिका बमोजिमका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्ने केन्द्र, प्रदेश र स्थानीय तहमा रहेका सरोकारवाला निकायहरुले निम्न अनुसार गर्नु पर्नेछः-

(क) यस निर्देशिकाको अनुसूची (२) मा उल्लेख भएको जिम्मेवारी बहन गर्ने,

(ख) अनुगमन गर्दा दोषी पाइएमा कसुर अनुसार सम्झाई बुझाई निर्देशिका पालन गर्न लगाउने देखि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन अनुसार प्रचलित कानुन बमोजिम दण्ड जरिवाना गर्ने, गराउने,

(ग) कोभिड-१९ प्रकोप अवधिमा नेपाल सरकारले जारी गरेका निर्देशनहरुको पालना गर्ने, गराउने ।

## ७. विविध

(क) यस निर्देशिकामा उल्लेखित कुराको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

(ख) कोविड-१९ को लक्षण देखिएका यातायात सेवामा कार्यरत सवारी चालक तथा सह-चालकहरुको PCR परिक्षण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको सरकारी प्रयोगशालाबाट निशुल्क गरिने छ । कोविड-१९ को लक्षण देखिएका यातायात सेवामा कार्यरत सवारी चालक तथा सह-चालकहरुलाई यातायात सेवा संचालन गर्न लगाउन पाइने छैन ।

(ग) नेपाल सरकारले कोभिड-१९ को महामारीको संक्रमण र यसको व्यवस्थापन सम्बन्धी नेपाल सरकारले जारी गरेका निर्देशनहरु बमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यो निर्देशिका लागु, संसोधन र खारेजीका सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची १:- यात्रु-यात्रु बीच सामाजिक दुरी कायम हुन सक्ने बसको यात्रु-सिटको उदाहरण



संकेतः



यात्रु सिटमा बसेको



खाली सिट



यात्रु उभिएको

**अनुसूची २ः कोभिड-१९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७**

**कार्यविवरण र जिम्मेवार निकाय/संस्था**

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र. सं. | जिम्मेवारी/कार्य विवरण | यातायात व्यवस्था विभाग | यातायात व्यवसायी/कम्पनि | सवारी चालक र सह-चालक | ट्राफिक प्रहरी तथा अनुगमनमा खटिने कर्मचारी | स्वास्थ्य सेवा विभाग/ | यातायात [illegible]/ युनियनहरु | स्थानीय तह (गाउँ/नगर/ महानगर पालिका) |
|---|---|---|---|---|---|---|---|---|
| १ | जन चेतना अभिवृद्धिः यात्रु वर्ग वा सेवामा संलग्न कर्मचारीहरुका लागि कोभीड-१९ प्रकोपको जोखिम सम्बन्धी आधारभूत ज्ञान तथा जोखिम न्यूनिकरणका उपाय सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,<br>• मास्क लगाउने,<br>• हात स्यनिटाईजर वा साबुन पानीले हात धुने,<br>• जतातत‍ै नछुने, नथुक्ने<br>• सामाजिक दुरी सम्बन्धी<br>• सवार गर्न सकिने यात्रु संख्या र सिटको लेआउट<br>• भाडा तिर्नका लागि गरिएको व्यवस्था<br>• बस बिसौनीमा पर्खने र ओर्लने तरिका<br>• अन्य विषयहरुः- | ☺ | ☺ | | ☺ | ☺ | ☺ | ☺ |
| २ | सवारी साधनको निर्मलीकरण (डीसइन्फेक्शन): | | ☺ | | | | | |
| ३ | यात्रु सिटहरुको सरसफाई तथा निर्मलीकरण (डीसइन्फेक्शन): यात्रुले एकपटक सवारी साधन प्रयोग गरे पछि सिटको सरसफाई गर्न | | ☺ | ☺ | | | | |
| ४ | यात्रु-यात्रु बिचको सामाजिक दुरी कायम गर्नका लागि यात्रुवाहक सवारी साधनको क्षमता अनुसार अधिकतम यात्रु संख्या निर्धारण गर्ने र लेआउट सोहि अनुरुप बनाउने | | ☺ | | | | | |
| ५ | यातायात सञ्चालनको समय तालिकाः सवारी साधनहरुको सञ्चालनपूर्व रुट निर्धारण र समय-तालिका तयार गरि बस स्टपहरुमा राख्ने | ☺ | ☺ | | ☺ | | | ☺ |

| क्र. सं. | जिम्मेवारी/कार्य विवरण | यातायात व्यवस्था विभाग | यातायात व्यवसायी/कम्पनि | सवारी चालक र सह-चालक | ट्राफिक प्रहरी तथा अनुगमनमा खटिने कर्मचारी | स्वास्थ्य सेवा विभाग/ | यातायात ट्रेड युनियनहरु | स्थानीय तह (गाउँ/नगर/ महानगर पालिका) |
|---|---|---|---|---|---|---|---|---|
| ६ | यातायात सेवामा कार्यरत कर्मचारीको स्वास्थ्यको नियमित स्वास्थ्य परिक्षण: प्रत्येक खेप (ट्रीप) शुरु हुने बेलामा वा दिनमा कम्तिमा दूई पटक नीजको शरिरको तापक्रम मापन गर्नेको लागि प्रत्येक बसमा थर्मल गनको व्यवस्था गर्ने, | | ☺ | ☺ | | | ☺ | |
| ७ | यात्रुहरुको लागि स्यानीटाईजर उपलब्ध गराउने: सह-चालक वा यातायात सेवाका अन्य कर्मचारीले सवारीमा प्रवेश गर्ने बेलामा दुईवटै हातमा स्यानीटाईजर लगाएर सफा गर्ने व्यवस्था मिलाउने | | ☺ | | | | | ☺ |
| ८ | भाडा असुलीका लागि बैकल्पिक उपायको अबलम्बन गर्ने:<br>• सकभर भाडा भुक्तानीको लागि 'मोबाईल बेस्ड स्क्यान एण्ड पे वा कन्टयाक्टलेस कार्ड<br>• अनलाईन तथा ईलेक्ट्रोनिक भुक्तानी,<br>• 'भाडा संकलन बाकस÷ बनाएर राख्ने,<br>• भाडा भुक्तानीको लागि यात्रुहरुले टिकट काउन्टरबाट एकपटक वा धेरै पटक वा कुनै अवधिको लागि मान्य हुने टिकट किन्न सक्ने व्यवस्था<br>• सकभर भाडा असुलीमा प्रत्यक्ष नगदको प्रयोग नगर्ने, | | ☺ | | | | | |
| ९ | सवारी साधन भित्र हावाको सहज बहाव कायम गर्नका लागि भेन्टिलेशनको व्यवस्था गर्ने वा सबै झ्यालहरु खुल्ला राख्ने वा उपयुक्त खालको "एक्जस्ट फयान" जडान गर्ने | | ☺ | ☺ | | | | |
| १० | सवारी साधन भित्र फोहर फयाक्न छोप्न मिल्ने खालको डस्टबिन (टोकरी) राख्ने र प्रत्येक खेप (ट्रीप) पछि त्यसको सफाई गर्ने | | ☺ | | | | | |
| ११ | चालक कक्ष र यात्रु कक्षलाई वा तिन पांग्रे सवारीमा यात्रु-यात्रु बीच आइसोलेशन गर्नका लागि उपयुक्त खालको प्लाई बोर्ड वा ग्लास वा | | ☺ | | | | | |

| क्र. सं. | जिम्मेवारी/कार्य विवरण | यातायात व्यवस्था विभाग | यातायात व्यवसायी/कम्पनि | सवारी चालक र सह-चालक | ट्राफिक प्रहरी तथा अनुगमनमा खटिने कर्मचारी | स्वास्थ्य सेवा विभाग | यातायात ट्रेड युनियनहरु | स्थानीय तह (गाउँ/नगर/ महानगर पालिका) |
|---|---|---|---|---|---|---|---|---|
| | फाइबर बोर्ड वा बाक्लो खालको प्लास्टिक शिट द्वारा छुट्याउने, | | | | | | | |
| १२ | सवारी साधन भित्र कोभिड-१९ सम्बन्धी सावधानीका संदेश तथा सतर्कता सम्बन्धी जनचेतना मूलक सामग्री तयार गरि टास्ने | | ☺ | ☺ | | | ☺ | |
| १३ | सवारी चालक, सहचालक वा व्यवस्थापकको स्वास्थ्यमा संकास्पद कोभिड-१९ को लक्षण देखिएमा सम्बन्धित निकायमा सूचना दिने र स्वास्थ्य परिक्षणको व्यवस्था मिलाउने | | ☺ | | | | ☺ | |
| १४ | सवारी चालक वा सहचालकको insurance को व्यवस्था गर्ने | | ☺ | | | | ☺ | |
| १५ | सवारी चालक र सह चालकको लागि मास्क, ग्लोब, भाइजर र स्यानीटाईजर उपलब्ध गराउने | | ☺ | | | | ☺ | |
| १६ | बस टर्मिनल/बस बिसौनीमा साबुन-पानी/स्यानीटाईजरको लागि पूर्वाधार तयार गर्ने र कोभिड-१९ सम्बन्धी जन-चेतना मुलक सामग्री टास्ने | | | | | | ☺ | ☺ |
| १७ | अनुगमनमा खटिने ट्राफिक प्रहरी वा कर्मचारीलाई मास्क/स्यानीटाईजर/ ग्लोब/भाईजर उपलब्ध गराउने | ☺ | ☺ | | ☺ | | ☺ | ☺ |
| १८ | कुनै यात्रुमा कोभिड-१९ को शंकास्पद लक्षण देखिमा सम्बन्धित निकायमा खबर गर्ने | | ☺ | ☺ | | | ☺ | |
| १९ | निर्देशिकाको पालना भए नभएको संयुक्त रुपमा अनुगमन गर्ने | ☺ | | | ☺ | ☺ | ☺ | ☺ |